सबैलाई थाहा होस्, भन्ना मिमित यो सूचना प्रकाश गरिएको छ। साबिकमा दैनिक महसूल ५०। पचास रुपैयाँ लिएको हो तापनि फिल्मको दर सिनेमा फिल्महरूमा ।८ पैसा प्रतिफुट भंसार महसूलको दरबन्दी भएको र दश हजार अथवा सोभन्दा बढी फिल्म लम्बाई भएको सबै फिल्ममा दश हजार फिटसम्मको मात्र महसूल लिने भन्ने भएबाट दिनको ५०। रुपैयाँ लिएको हो। अब दिनको ४५। रुपैयाँ महसूल लिने निर्णय भएबाट दश हजारको बदला नौ हजार गरे हुने हुँदा फिल्मको भन्सार महसूल र मनोरञ्जन करको रेटबारे २००६ साल चैत्र २४ गतेको खण्ड २ संख्या ३२ को गजेटमा प्रकाशित अर्थ (आय) विभागको सूचनाको दफा १ (घ) मा यस प्रकार संशोधन गरिएको छः— १. (घ) नौ हजार अथवा सोभन्दा बढी फिट लम्बाई भएको सबै फिल्ममा नौ हजार फिट-सम्मको मात्र महसूल लिने। सिनेमा हलवालाहरूसँग साबिकमा लिनुपर्ने भन्सार महसूलमा काठमाडौं उपत्यकाका हलहरूसँग सयकडा पचास मात्र असूल भई बाँकी पछि निर्णय भएबमोजिम गर्ने गरी बाँकी रहन गएको र मोफसलका हलवालाहरूको लगतसम्म रही पूरै महसूल बाँकी रहन गएकोमा पनि अबउप्रान्त सम्बन्धित अड्डाखानाले जो जो सँग जो जति बाँकी छ, सो सबै ऐन सवालबमोजिम असूल उपर गरी लिनुहोला।

आज्ञाले—

नीरराज

का. मु. सेक्रेटरी—अर्थविभाग.

## अर्थ (आय) विभागको सूचना

सुना चाँदी, ज्वाहारात, जडान भएको माल निकाशी गर्नेबारे ०१०।१।२१ मा प्रकाशित भएको नियमको ४ दफामा देहायबमोजिम थप गर्ने निर्णय भै आप-कोले सूचित गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवाहको कामलाई र तीर्थ गर्न जाँदा देव देवतालाई चढाउने र दान गर्न-समेत देहायमा लेखिएसम्मको सुना चाँदी ज्वाहारात जडान भएको माल जो लागेको महसूल बुझाई विदेश लैजान चाहनेहरूले निकाशी गर्ने दिनको २ महिनाअगाडि अर्थविभागमा दरखास्त गरी परमीट लिनुपर्छ ।

| काम—— | चाँदीका माल—तोला | सुनका माल—तोला | ज्वाहारात र ज्वाहारात जडान भएको माल |
|---|---|---|---|
| विवाहके | १००० एकहजार तोलासम्म | २० बीस तोलासम्म | रु. ५००० सम्मको |
| तीर्थ जाँदाके | ५०० तोलासम्म | १० तोलासम्म | |

आज्ञाले—
नीरराज
का. मु. सेक्रेटरी अर्थविभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

260

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।